नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग

# पञ्चेश्वर बहुउद्देश्यीय आयोजना

## अनामनगर,थापागाउं,काठमाण्डौं ।

**पुराना फर्निचर, मेशिनरी औजार लगायतका जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना**

**तेश्रो पटक प्रकाशित मिति २०७३।१०।१३**

यस आयोजनामा रहेका पुराना इलेक्ट्रोनिक,इलेक्ट्रिकल,फर्निचर,मेशिनरी औजार र कवाडी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्नलिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम गरिने सामानहरुलाई तपसिल बमोजिम बिभिन्न ६ वटा प्याकेजमा बिभाजन गरिएको छ,बोलपत्र दाताले सबै प्याकेज वा कुनै एक प्याकेज मात्र खरिद गर्न सक्नेछ । प्रत्येक प्याकेजको लागि छुट्टाछुट्टै बोलपत्र फाराम पेश गनुपर्नेछ ।

२. बोलपत्र फाराम तेश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिनको ५:०० बजेसम्म आवश्यक कागजात सहितको निबेदन दिई यस आयोजनाको आर्थिक प्रशासन शाखाबाट रु.३००।- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेपछि दिनको ५:०० बजेसम्म (शुक्रबार परेमा ३:०० बजेसम्म) खरिद गर्न सकिनेछ । लिलाम गरिने सामानहरु हेर्नुपरेमा कार्यालय खुलेको समय भित्र आयोजनाको स्टोर शाखामा सर्म्पक गरि हेर्न सकिने छ ।

३. बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्रदर्ता गराई सक्नु पर्नेछ । सो दिन बिदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराईसक्नु पर्नेछ । बोलपत्र फाराममा सिलबन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाई यस आयोजनाको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र, २०७३ उल्लेख भएको हुनुपर्नेछ ।

४. दर्ताहुन आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको २:०० बजे आयोजनाको आर्थिक प्रशासन शाखामा उपस्थित बोलपत्रदाताहरुको रोहवरमा खालिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्नेदिन बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र स्वीकृत बोलपत्रदाताले सामान उठाइसकेको हुनुपर्नेछ ।

५. सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुनआउने रकम बराबरको यस आयोजनाको नाममा जारी भएको बैंक जमानत वा नेपाल राष्ट्र बैङ्क, थापाथली शाखामा को.ले.नि.का, थापाथलीको नाममा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनुपर्नेछ । बैङ्क जमानतको हकमा बोलपत्र दाखिलागर्ने अन्तिम मितिले ३ (तीन) महिना सम्मको मान्यअवधि ( Validity Period) भएको हुनुपर्नेछ ।

६. बोलपत्र पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मूल्यअभिवृद्धी कर र आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नियमानुसारको करचुक्तापत्रको प्रतिलिपी र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी बोलपत्रफाराम साथ संलग्न राख्नु पर्नेछ ।

७. सार्वजनिकखरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोजनामा निहित रहनेछ ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलितकानूनअनुसार हुनेछ ।

१०. मालसामानको कुल न्युनतम मूल्य देहाए बमोजिम कायम भएकोले सो रकम देखि माथिमात्र कबोल अंक लेख्नु पर्नेछ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्यअभिवृद्धि कर १३ % समेत थप गरी जम्माहुन आउने रकम दाखिला ( भुक्तानी) गर्नुपर्नेछ ।

| प्याकेज नं. | विवरण | न्युनतम कायम मुल्य |
|---|---|---|
| १ | इलेक्ट्रोनिक सामान | रु.३९,९०२।१९ |
| २. | इलेक्ट्रीकल सामान | रु.५६१६।३६ |
| ३ | फर्निचर तथा किताव | रु.४५९९।७९ |
| ४ | मेशिनरी सामान | रु.९,०५५।५१ |
| ५ | हेभि मेशिन तथा सवारी साधन | रु.२४,८९५।७९ |
| ६ | कवाडी तथा अन्य सामान | रु.१३,९६८।९४ |

११. यस सम्बन्धि थप जानकारी आवश्यक परेमा आयोजनाको आर्थिक प्रशासन वा भण्डार शाखामा सम्पर्क राख्न सकिने छ ।